बेलौरी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
बेलौरी, कञ्चनपुर
सुदूरपश्चिम प्रदेश, नेपाल

प.सं.: २०८०।०८१
च.नं.:

मितिः २०८०।०४।२३

## कवाड संकलन सम्बन्धी सिलबन्दी प्रस्ताव आह्वानको सूचना
(दोस्रो पटक प्रकाशित मितिः २०८०।०४।२३)

आ.व. २०८०/०८१ मा यस नगरपालिका क्षेत्रभित्र उत्पादन हुने खालि सिशी (बोत्तल) र कवाड संकलनको सिलबन्दी ठेक्का बढाबढ गरी ठेक्का दिनु पर्ने भएकोले उक्त ठेक्काको लागि प्रस्ताव पेश गर्न ईच्छुक नेपाली नागरीक, संघ संस्थाहरुले तपसिलको शर्त पालना गर्ने गरी ठेक्कामा भाग लिन हुन यो १५ (पन्ध्र) दिने सूचना प्रकाशित गरीएको छ ।

तपसिल

१. यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनको कार्यालय समय भित्र रु. १०००।- (अक्षरुपि एक हजार मात्र) दस्तुर तिरी कवाड संकलन सम्बन्धी सिलबन्दी प्रस्ताव फारम खरिद गर्न सकिनेछ ।
२. ठेक्काको न्यूनतम रकम अंकः- रु. १८,००,०००।- (अक्षरुपी अठार लाख रुपैंया मात्र)
३. ठेक्काको अवधीः-२०८१ असार मसान्त सम्म १ वर्षका लागि हुनेछ ।
४. ठेक्का रकम सदर भएको ७ दिन भित्र कबोल गरेको रकमको ५० प्रतिशत रकम जम्मा गर्नुपर्नेछ र बाँकी रहेको ५० प्रतिशत रकम बराबरको १५ महिनाको (मिति २०८१।०८।०५ गते सम्मको) Bank Guarentee पेश गरी कार्यदेश लिनुपर्ने छ ।
५. सिलबन्दी खाम मिति २०८०/०५/०५ गते दिनको १२:०० बजे भित्र यस कार्यालयमा पेश गर्नु पर्ने छ र यसरी रितपूर्वक प्राप्त हुन आएका सिलबन्दी प्रस्तावहरु सोही दिनको दिउँसो २ बजे निवेदकहरु र कार्यालयका प्रतिनिधीहरुको रोहबरमा नगरपालिका भवनमा खोलिने छ । तर निवेदक उपस्थित नभए पनि सिलबन्दी निवेदन खोल्न सकिनेछ ।
६. सिलबन्दी निवेदनमा ठेक्काको आफूले कबोल गरेको रकम अंकको १० प्रतिशतका दरले हुन आउने रकम यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंक लि., बेलौरी शाखामा रहेको बेलौरी न.पा. (ग३) धरौटी खाता नं. ४३९०१००३०३००००२ मा जम्मा गरेको सक्कलै भौचर पेश गर्नु पर्नेछ ।
७. ठेक्का सदर वा बदर गर्ने सम्पूर्ण अधिकार नगरपालिकामा निहित रहनेछ ।
८. बिस्तृत जानकारीका लागि यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

सिलबन्दी निवेदन साथ संलग्न राख्नुपर्ने कागजातहरु ।

क) व्यक्तिको हकमा नेपाली नागरीकताको प्रमाणित प्रतिलिपी एवं स्थायी लेखा नम्बर प्रमाणपत्रको प्रमाणित प्रतिलिपी ।

ख) व्यवसायी, सप्लायर्स, कम्पनीहरुको हकमा व्यवसाय दर्ता प्रमाणपत्र एवं आ.व. २०८०।०८१ को लागि नविकरण भएको प्रतिलिपी, स्थायी लेखा नम्बर प्रमाणपत्रको प्रमाणित प्रतिलिपी र आ.व. २०७९।०८० को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी ।

080/4/23

प्र.प्रमुख प्रशासकीय अधिकृत